**नीति बिडिएफएच - सहभागितात्मक विद्यालय समितिहरू**

**प्रत्येक विद्यालयमा अभिभावकहरू, समुदाय, फ्याकल्टी, प्रशासकहरू र वर्गीकृत स्टाफहरूको प्रतिनिधित्व भएको सहभागितात्मक विद्यालय समिति हुनेछ ।**

**उद्देश्य र क्षेत्र : सहभागितात्मक विद्यालय समितिहरूको उद्देश्य र क्षेत्र निम्नानुसार हुनेछ :**

विद्यालय समुदायलाई विद्यालय र डिस्ट्रिक्टको लक्ष्यप्राप्तिलाई सहयोग गर्न सहभागितात्मक प्रयाशमा संलग्न गराएर विद्यार्थी उपलब्धि र विद्यालय वातावरण वृद्धि गर्ने ।

विद्यालय सुधार योजना (एसआइपि) मा उल्लेख भए अनुसार विद्यालयको लक्ष्य र दृष्टिलाई सहयोग पुऱ्याउन रणनैतिक दिशा प्रदान गर्ने । एसआइपिले, विद्यालयको कार्यक्रम ढाँचा अनुसार विद्यालयका लागि रणनैतिक योजनाका रूपमा काम गर्नुपर्छ ।

राज्य र फेडेरल कानुन, कोलोराडो शिक्षा विभागका नियमनहरू, लागू हुन योग्य अमेरिकी डिस्ट्रिक्ट अदालती आदेशहरू, डिस्ट्रिक्ट एफर्मेटिभ एक्सन प्लान, डिपिएस/डिसटिए सहमति, अन्य करार र डिस्ट्रिक्ट आदेशहरूसँग सम्मत हुने ।

सहभागितात्मक विद्यालयका बैठकहरू सर्वसाधारणका लागि खुला हुनेछन् । यस्ता बैठकका सूचनाहरू सामुदायिक स्थानहरूमा पोस्ट गरिनेछन् । एजेन्डाको प्रति पनि सामुदायिक रूपमा पोस्ट गरिनेछ र बैठकभन्दा एक कार्यदिन अघि उपलब्ध गराइनेछ । यसका साथै बैठकको मानेट्स पनि सामुदायिक पोस्टिङ गरिनेछ र उपलब्ध गराइनेछ ।

**सहभागितात्मक विद्यालय समितिले निम्न गर्ने छ :**

विद्यालय समुदायसँग सहभागितात्मक रूपमा काम गर्नेछ जसमा भवन प्रिन्सिपल, शिक्षकहरू, स्टाफ, विद्यार्थीहरू, अभिभावकहरू, नागरिक र व्यावसायिक नेताहरू, सेवा र छिमेकी प्रतिनिधिहरू र अन्य समुदायका सदस्यहरू सामेल छन् ;

विद्यालयमा आफ्नो प्राथमिक जिम्मेवारीका रूपमा एसआइपिमा ध्यान दिनुपर्नेछ ;

एसआइपि र विद्यालयको कार्यक्रम ढाँचालाई सहयोग गर्न बहुविधिहरू प्रयोग र स्रोतहरू मिलान गर्नुपर्नेछ ;

एसाआइपिका लागि मार्गदर्शन, मूल्याङ्कन र स्वीकृति प्रदान गर्नुपर्नेछ ;

विद्यालयको वार्षिक बजेटका लागि मार्गदर्शन, मूल्याङ्कन, र स्वीकृति प्रदान गर्ने र सोको एसआइपि र विद्यालय कार्यक्रमसँग सामञ्जस्य निश्चित गर्नुपर्नेछ ;

भवनका लागि विद्यालय सुधार र दायित्व परिषद (एसआइएसि)का रूपमा काम गर्नुपर्नेछ ;

अभिभावकहरू, समुदायका सदस्यहरू, नागरिक, सेवा र छिमेकी सङ्गठनगरूसँग विद्यालयमा संलग्नता वृद्धि गर्न तथा समुदायको निवेशका लागि मञ्च प्रदान गर्न सम्बन्ध स्थापित गर्नुपर्नेछ ;

विद्यार्थी गणना मुद्दासँग सम्बन्धित समायोजनको परामर्श सहित एसआइपि, विद्यालय बजेट, र विद्यालय कार्यक्रम ढाँचासँग सम्बन्धित डिस्ट्रिक्टले प्रदान गरेको स्टाफ विनियोजनका लागि मार्गदर्शन, मूल्याङ्कन र स्वीकृति प्रदान गर्नुपर्नेछ ;

अन्तर्वार्ता गरेर एवम् सुपरिन्टेन्डेन्टलाई उम्मेद्वार सिफारिस गरेर प्रिन्सिपल छनोट प्रक्रियामा सहभागी हुनुपर्नेछ ;

प्रिन्सिपलको सहभागितात्मक समिति प्रक्रियामा संलग्नता र सहयोग निवेश गर्दै प्रिन्सिपलको वार्षिक मूल्याङ्कनमा सहभागी हुनुपर्नेछ ;

अनुशासन र सुरक्षा प्रक्रियाको समीक्षा गर्ने र उपयुक्त भएमा स्वीकृत गर्नुपर्नेछ ;

विद्यालय क्यालेन्डर र/वा तालिकाको समीक्षा गर्ने र उपयुक्त भएमा परिमार्जित गर्नुपर्नेछ ;

भवन प्रिन्सिपल मार्फत विद्यालय ढाँचामा गर्नु पर्ने कुनै परिवर्तन बारे डिस्ट्रिक्ट शिक्षा बोर्डमा सिफारिसहरू गर्नुपर्नेछ ।

**सहभागितात्मक विद्यालय समितिले निम्न गर्ने छैन :**

विद्यालयको दैनिक कार्य सञ्चालनमा सहभागिता जनाउने छैन ;

विद्यालभित्रका व्यक्तिहरू (स्टाफ, विद्यार्थीहरू वा अभिभावकहरू) सँग सम्बन्ध कुनै मुद्दामा संलग्नता जनाउने छैन ;

व्यक्तिगत मुद्दामा संलग्नता जनाउने छैन (विद्यालय पर्सोनेल समिति तात्कालिक डिपिएस/डिसिटिए करारमा एक्लै रहनेछ ।)

**परिभाषाहरू**

**बहु विधिहरू** : यी निम्न क्षेत्रमा प्रत्येक विद्यालय सम्पादन र तथ्याङ्कहरूका डिस्ट्रिक्ट स्थापित सङ्केतहरू हुन् : उपस्थिति, ग्र्याजुएसन दर, विद्यालय नेतृत्व, शैक्षणिक गुणवत्ता, विद्यार्थी आदर, विद्यालय सुरक्षा, र विद्याल दायित्व रेटिङ (एसएआर) जस्ता अन्य विधि ।

**विद्यालय कार्यक्रम ढाँचा** : परामर्श सेवाहरूको विन्यास, ऐच्छिक/विशेष कक्षाहरूको समावेश, र अतिरिक्त क्रियाकलापहरूजस्ता विद्यालय र डिस्ट्रिक्टका लक्ष्यहरू र कार्यक्रमहरूको सहयोगका लागि निर्मित विद्यालय कार्यक्रहरूको ढाँचा । यसमा डिस्ट्रिक्टले आदेश गरेका कार्यक्रमहरू र विशेष शिक्षा सामेल छैन ।

**विद्यालय तालिका** : यसमा प्रमुख तालिकाको विकास वा विशेष कार्यक्रम वा स्थितिका लागि दैनिक तालिका समायोजन समावेश छैन । यसमा वार्षिक रूपमा देखा पर्ने तालिका मुद्दाहरू सामेल हुन सक्छन् ।

**विद्यालय क्यालेन्डर** : वार्षिक क्यालेन्डर डिस्ट्रिक्टद्वारा स्थापित गरिन्छ तथापि ब्याक टु स्कूल र प्रगति विवरण कार्ड लिनेजस्ता विशेष आयोजनाहरू सहभागितात्मक समितिद्वारा वार्षिक रूपमा स्थापित हुनसक्छन् ।

**विद्यालय ढाँचा** : विद्यालयले आफ्ना विद्यार्थीहरूलाई शिक्षित बनाउन प्रयोग गर्ने वृहत् नमुना जस्तै के–८, मोन्टेसोरी वा परिमार्जित क्यालेन्डर ।

**प्रक्रियाहरू :** यस नीतिको कार्यान्यवनका लागि आवश्यक नियमनहरू सुपरिन्टेन्डेन्टले लागू गर्न सक्नेछन् ।

स्वीकृत अप्रिल २४, २००३